# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन

## २०७६।०७७

पेश गरिने

**मट म्याकडोनाल्ड नेपाल शाखा**
**पूर्णिमा कार्यक्रम**
**सानेपा, ललितपुर**

प्रतिवेदन पेश गर्ने

**ज्वालामूखी गाउँपालिका,**
**गाउँकार्यपालिकाको कार्यालय**
**साँधभञ्ज्याङ, धादिङ**

# विषयसूची

पेज नं.


१. पृष्ठभूमि
२. अध्ययनको महत्व
३. लैङ्गिक समानता सामाजिक परीक्षणको उद्देश्यहरु
४. अध्ययनका क्षेत्रहरु
५. अध्ययनको तरीका र विधि
६. सहभागिहरु
७. विश्लेषणका औजारहरु
८. परीक्षणबाट आएका मुख्य प्राप्तिहरु
    ८.१ कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण
    ८.२ लैससास विश्लेषणमा आधारित योजना तर्जुमा
    ८.३ योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन
    ८.४ आन्तरिक संरचना
    ८.५ क्षमता विकास
    ८.६ नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धता
    ८.७ सेवा प्रवाह र संस्थागत सस्कृति
    ८.८ सुशासन
९. लैससास बजेट परिक्षण बिधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था
    ९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक
    ९.२ माकुरे जालो
१०. सवल पक्ष र सूधार गर्नु पर्ने पक्षहरु
११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना
१२. निष्कर्ष र सुझाव

अनुसूचीहरु

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचक
- लैंगिक परीक्षण कार्यक्रमका केही झलकहरु
- सहभागि नामावली

**ज्वालामूखी गाउँपालिका**
**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन,२०७६**

## १ पृष्ठभूमि

ज्वालामूखी गाउँपालिका एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक गाउँपालिका हो । प्रत्येक समुदाय,जातजातिहरुको समानुपातिक ,सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै गाउँपालिकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ। हाम्रो समाजमा विद्यमान लैङ्गिक,जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न ज्वालामूखी गाउँपालिकाद्धारा सरकारी, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु हुदै आइरहेका छन् ।

नेपालको संविधान २०७२ को राज्यका निर्देशक सिद्धान्तहरू अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण,सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने उल्लेख छ। अत ज्वालामुखी गाँउपालिकाकाले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त विशेषतालाई आत्म साथ गर्दै वर्गीय जातीय, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी न्यायपूर्ण समाज स्थापना गर्ने, लैङ्गिक समानता, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक गाँउपालिकाको निर्माण गर्ने सङ्कल्प लिएको छ । यी बर्गहरुको समानुपातिक विकासबाट नै समग्र समाजको विकास हुन पुग्दछ। समानुपातिक विकास आजको आवश्यकता हो । समुन्नत परिवार र समग्र समाजको विकासमा सबै बर्ग,जाति,भाषा,बर्ण,लिङ्ग र क्षेत्रको समान दायित्व र योगदान हुन आवश्यक छ। समुन्नत समाजको विकासमा यी सबै वर्गको समान महत्व हुदाहुदै पनि राष्ट्रको समग्र स्थितिमा समानता देखिदैन ।

नेपालको संविधान २०७२ ले राज्यको नीति अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अन्तर्गत असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण,सशक्तीकरण गरी स्वावलम्बी बनाउने, प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने, बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने, बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने, मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन,सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने, राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक,आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति,सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने, अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक,सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण,उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण,उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग,क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने, स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने, सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

महिला,दलित,आदिवासी जनजाति,मधेसी,उत्पीडित,उपेक्षित र अल्पसङ्ख्यक समुदाय र पिछडिएका क्षेत्र लगायतले भोग्नु परेका समस्यालाई सम्बोधन गर्न राज्यको समावेशी,लोकतान्त्रिक र अग्रगामी महिला र पुरुषबीच भेदभाव गर्न नहुने वा गर्न नपाईने भने पनि व्यवहारमा समानता छैन । संविधानसभाबाट नयाँ निर्माण भएको नेपालको संविधान २०७२ मा महिलाको हक,अधिकार संरक्षण गर्न प्रष्ट प्रावधान समेत राखिएको छ। तसर्थ यसरी निर्माण हुने संविधान, ऐन, नियम,नीतिलाई सहयोग पुऱ्याउन स्थानीय तहहरुमा लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रक्रियालाई तीब्रता प्रदान गर्न आवश्यक छ ।

स्थानीय तहको गहन जिम्मेवारीलाई बहन गर्न संस्था आफै लैङ्गीक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट सक्षम र संवेदनशिल हुन आवश्यक छ। स्थानीय तहको कार्यलाई अझ बढी प्रभावकारी बनाउन संस्थामा लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण स्थितिको पहिचान र योजनाबद्ध तवरबाट लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रकृयालाई संस्थागत गर्न लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण परिक्षण आवश्यक भएकोले ज्वालामूखी गाउँपालिकाले लैंङ्गीक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७६ बमोजिम लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्य सम्पन्न गरेको छ।

## २ अध्ययनको महत्व

गाउँपालिकामा बसोबास गर्ने सबै जातजाति र वर्गमा विकासको समान प्रतिफल पुऱ्याउने कार्यमा गाउँपालिकाको महत्वपुर्ण भूमिका रहेको हुन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले महिला, जनजाति, आदिबासी, दलित, सामाजिक, आर्थिक रुपमा बञ्चित समूहहरुको सहभागितालाई बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड दिइ आफ्नो क्षेत्रको विकासका लागि साधनहरुको परिचालन र बाँडफाँडद्धारा सामाजिक समानता ल्याउने उद्धेश्य राखेको छ। सोही अनुसार स्थानीय तहले बिभिन्न खाले कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ।

स्थानीय तहको गहन जिम्मेवारीलाई बहन गर्न स्थानीय सरकार आफै लैङ्गीक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट सक्षम हुन आवश्यक छ। स्थानीय सरकारको कार्यलाई बढी प्रभावकारी बनाउन गाउँपालिकामा लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण स्थितिको पहिचान र योजनाबद्ध तवरबाट लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण विकास प्रकृयालाई संस्थागत गर्न लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण परिक्षण आवश्यक छ। लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रकृया आफैमा एउटा सहभागितामुलक स्वमूल्याङ्कन भएकोले गाउँपालिकामा कार्यरत कर्मचारी तथा निर्वाचित पदाधिकारीहरुको व्यक्तिगत तथा संस्थागत कृयाकलापहरुलाई लैङ्गीक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्न उत्साह जगाउँछ। साथै यस प्रक्रियामा संलग्न कर्मचारीहरुलाई लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण पक्षमा उत्तरदायी हुने तर्फ पनि उन्मुख गराउँदछ।

यस प्रक्रियाले स्थानीय तहको लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्वको भावना जगेर्ना गर्न पनि सघाउने हुन्छ। लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणद्धारा कार्यक्रम तथा बजेटको विश्लेषण गरी आगामी वर्षको कार्यक्रम तथा बजेटलाई लैससास दृष्टिकोणबाट तय गर्न तथा बजेट विनियोजन गर्न समेत सघाउ पुऱ्याउँदछ।

## ३ लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको उद्देश्यहरु

(क) लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुलाई समावेश गरि, लैङ्गिक समानता र सबै जातजाती तथा समुदायको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेद प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

(ख) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

(ग) गाउँपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

(घ) स्थानीय तहको दीर्घकालिन,आवधिक र बार्षिक योजनामा लैंङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्न।

(ङ) समावेशीकरणको लक्ष्यलाई स्थानीय तहको संरचना र कार्य योजनामा स्थान दिन।

(च) लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि स्थानीय सरकारले गर्ने सम्पूर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने।

## ४ अध्ययनका क्षेत्रहरु

क्षेत्र-१ कानून तथा नीतिमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण
क्षेत्र-२ लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण विश्लेषणमा आधारित योजना तर्जुमा
क्षेत्र-३ योजना कार्यान्वयन, अनुगमन/नियमन र मुल्यांकन
क्षेत्र-४ आन्तरीक संरचना
क्षेत्र-५ क्षमता विकास

क्षेत्र-६ नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता
क्षेत्र-७ सेवा प्रवाह र संस्थागत संस्कृति
क्षेत्र-८ सुशासन

## ५ अध्ययनको तरीका र विधि

लैङ्गिक समानता तथा सामाजिक समावेशी परिक्षणले एउटा पक्षलाई मात्र नभई धेरै पक्षलाई समेटेर गाउँपालिकालाई सुधारात्मक बाटोमा लैजान पनि मद्दत गर्ने भएकोले विषयवस्तु सुहाउँदो विधि वा प्रकृयाहरु अपनाउन आवश्यक छ। यस अध्ययनको उद्धेश्य पुरा गर्न संख्यात्मक तथा गुणात्मक सूचनाहरु प्राथमिक तथा द्वितिय स्रोतहरुबाट संकलन गरिएको थियो।

### प्राथमिक सूचना संङ्कलनका स्रोतहरु :

- दस्तावेज समिक्षा (Litetutare Review)
- प्रमुख व्यक्तिहरुसँग अन्तर्वार्ता (Individual Interview)
- लक्षित समुह छलफल ( Focus Group Discussion)
- कार्यशाला गोष्ठी (workshop)

### द्धितिय सूचनाको स्रोतहरु :

- गाउँपालिकाको ऐन,नीति,निर्देशिकाहरु
- आवधिक र वार्षिक गाउँ विकास योजना पुस्तिका
- विभिन्न सान्दर्भिक बुलेटिनहरु
- गाउँपालिकाको आर्थिक प्रतिवेदनहरु
- बार्षिक प्रगति प्रतिवेदन
- कार्यक्रम संचालन निर्देशिका
- अनुगमन/मूल्यांकन प्रतिवेदन

## ६.सहभागिहरु

गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाका अध्यक्षहरु,गाउँकार्यपालिकाका सदस्यहरु तथा वडाका वडा सदस्यहरु, गाउँपालिका अन्तर्गत विभिन्न शाखामा कार्यरत कर्मचारीहरु,महिला तथा सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति एवम् समुहहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका मुख्य सहभागिहरु हुन्।

## ७.विश्लेषणका औजारहरु

- लैंङ्गिक समानता तथा सामाजिक समावेशी पक्षबाट गाउँपालिकाको संस्थागत र कार्यक्रमको माकुरे जालो (Spider wave Module) विधिबाट विश्लेषण
- गाउँपालिकाको सवल र कमजोर पक्ष एवं अवसर तथा चुनौतिहरूको बिश्लेषण (Strength, opportunities, threats  and weakness analysis)

## ८. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका मुख्य प्राप्तिहरु (Major Findings)

### ८.१ कानून तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति र रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छैन तथापि यस्ता प्रकारका दस्तावेजहरु तयार गर्दा सम्पूर्ण लिङ्ग, बर्ग,जाती,भाषाभाषी समुदायका मानिसहरुलाई छलफलमा सहभागि गराई उनीहरुको सुझावलाई समेत समाविष्ट गरेर तयार पार्नु पर्ने देखिन्छ।
गाउँपालिकाले तर्जुमा गरेका ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड,नीति र रणनीतिका बारेमा निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमुखीकरण नभएको देखिन्छ। साथै स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको पाइएको छ तर प्रकाशन गरी सवैको पहुँचमा हुने गरी गाउँपालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा नराखिएकोले आगामी दिनमा तर्जुमा गरिएका कानून,नीति र रणनीतिको बारेमा गाउँपालिकामा अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्ने र सम्पूर्ण शाखा र वडा कार्यालयमा राख्नु पर्ने देखिन्छ।
गाउँपालिकाको लैससास नीति तर्जुमाका लागि विभिन्न बर्ग,क्षेत्र,जातजाती,समुहसंग छलफल भइ हाल उक्त नीति तयारीको अन्तिम चरणमा रहेको देखिन्छ भने अन्य महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु जस्तै अपांगतामैत्री, वालमैत्री, लैङ्गिकमैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेको देखिदैन। गाउँपालिकामा हुनसक्ने सबै प्रकारका विभेद र दुर्व्यवहार जस्तै यौनजन्य, जातीय र महिला हिंसा

नियन्त्रण, समान कामका लागि समान ज्यालाको लागि नीति बनाएर लागु गरिएको नदेखिएकोले तत्काल यस्ता प्रकारका नीतिहरु बनाइ कार्यान्वयन गर्नु आवश्यक देखिन्छ ।

## ८.२ लैंङ्गिक विश्लेषणमा आधारित योजना तर्जुमा

गाउँपालिकाले आवधिक र वार्षिक योजना तर्जुमा गरी विभिन्न विकास निर्माण एवं चेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । जसमा लैंङ्गिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका ब्यक्ति र समूहहरुको समाजिक तथा आर्थिक हैसियतमा परिवर्तन ल्याउने गरी आवधिक तथा बार्षिक योजनामा स्पष्ट ध्येय,परिकल्पना,लक्ष्य,उद्धेश्य,रणनीति तथा नतिजामा उल्लेख गर्न आवश्यक देखिएको छ ।
गाउँपालिकाले गाउँ बस्तुगत विवरणमा उपलब्ध तथ्याङ्कको आधारमा लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको आंशिक छुट्टाछुट्टै अवस्था विश्लेषण र आवश्यकता पहिचान गरी आवधिक तथा क्षेत्रगत योजना तर्जुमा गर्ने गरेको पाइएकोले बस्तुगत विवरणलाई बार्षिक रुपमा अद्यावधिक गर्दै योजना तर्जुमा गर्नु आवश्यक देखिन्छ । बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता भइ योजना तर्जुमा हुने गरेको छ तथापि योजना छनोट र प्राथमिकिकरणका आधारहरुलाई अवलम्वन गरी  योजना तर्जुमा गर्नु आवश्यक देखिन्छ ।
गाउँपालिकाले बार्षिक नीति तथा कार्यक्रम बनाउदा आवधिक,क्षेत्रगत योजनाहरुलाई आधार मानेर बनाउने गरेको पाइएपनि लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरेको नपाइएकोले आगामी दिनमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रक्रिया अवलम्बन गरी बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिन्छ । बार्षिक कार्यक्रममा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई केहि मात्रामा भएपनि एकमुष्ठ बजेट विनियोजन मार्फत संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको देखिएकोले लैससासलाई स्पष्ट सम्बोधन हुने गरी योजना तर्जुमा  गर्नुपर्ने आवश्यकता देखिन्छ । बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि जस्तै एकल महिलाका लागि बाख्रा पालन तालिम र बाख्रा सहयोग,गरिब र विपन्न युवालाई हाउस वाइरिङ र पलम्बिङ तालिम प्रदान गर्ने जस्ता विशेष कार्यक्रम तथा बजेट तय भइ कार्यान्वयन भएको छ ।

## ८.३.योजना तर्जुमा  कार्यान्वयन, अनुगमन/नियमन र मुल्यांकन

उपभोक्ता समिति गठन गर्दा वडा सदस्यको उपस्थितिमा आम भेला गर्ने गरेको र उक्त भेलामा सहजीकरणका लागि वडाका कर्मचारी र वडा सदस्यहरुको प्रमुख भुमिका हुने गरेको पाइएको छ । अधिकांश उपभोक्ता समितिमा ३३ प्रतिशत भन्दा बढी महिलाको सहभागिता रहेको र अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहेको पाइएको छ भने उक्त उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूहको समेत प्रतिनिधित्व भएको छ ।
अनुगमन तथा सुपरिवेक्षण समितिले विगतमा अनुगमनका क्रममा अनुगमन सूचकहरुको प्रयोग गरी अनुगमन गर्ने नगरेको र चालु बर्षबाट लैससास सम्बन्धि सूचकहरु समावेश गरी अनुगमन निर्देशिका जारी गरेर अनुगमन गर्ने गरेको पाइयो तथापि आगामी दिनमा यसलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि समयसापेक्ष अनुगमन सूचकहरुमा परिमार्जन गर्दै अनुगमन गर्नु पर्ने देखिन्छ ।
लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको आपसी खिचातानी र समयमै सूचनाहरु प्राप्त गर्न नसक्दा उनीहरुको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रमहरु मध्ये केहि कार्यक्रम सम्पन्न भएको र केहि सम्पन्न नभएको देखियो । तसर्थ आगामी दिनमा समयमै सूचना प्रवाह गरी योजना कार्यान्वयनमा तत्पर रहनुपर्ने देखिन्छ । यद्यपि सम्पन्न योजनाहरुबाट लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुहहरुलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरेको पाइएन तसर्थ आगामी दिनमा यस्ता प्रकारका योजनाहरु कार्यान्वयन पश्चात् लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्नु अपरिहार्य देखिएको छ ।

## ८.४ आन्तरिक संरचना

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४६ बमोजिम गाउँपालिकामा गठित न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको पाइदैन । हालसम्म गठन भएका मेलमिलाप केन्द्रमा ४८ घण्टा तालिम प्राप्त ब्यक्ति मात्र मेलमिलाप केन्द्रमा सदस्य हुन पाउने प्रावधान रहे बमोजिम अन्य ब्यक्तिहरुको प्रतिनिधित्व हुन असम्भवप्राय देखिन्छ । न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान भएका विवादहरुको स्पष्ट अभिलेख राखेको नपाइएकोले आगामी दिनमा खण्डीकृत तथ्याङ्क सहितको अभिलेख राख्नुपर्ने देखिन्छ ।
गाउँपालिकाद्धारा गठित समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको केहि हदसम्म समानुपातिक प्रतिनिधित्व भए पनि आवश्यकता अनुरुप हुन सकेको छैन ।
स्थानीय तहमा लैससास फोकल पर्सनको व्यवस्था हुनुपर्ने कानूनी प्रावधान छ । तोकिएका लैससास फोकल पर्सनहरुले लैससास विकासको लागि सक्रिय हुनु पर्ने आवश्यक देखिन्छ । विकासको हरेक प्रक्रियामा लैससास मूलप्रवाहीकरण गर्न फोकल पर्सनको अहम भूमिका रहेको हुन्छ । यस गाउँपालिकाले महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई लैससास फोकल पर्सन तोके पनि प्रष्ट कार्य विवरणको आवश्यक र क्षमता विकासको लागि तालिमहरुको आवश्यक देखिन्छ । गाउँपालिकामा विकासको हरेक पक्षलाई लैससास संवेदनशिल बनाउन लैससास मुलप्रवाहिकरण समन्वय समिति गठन र क्रियाशिल हुन आवश्यक देखिन्छ ।

लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको विकासका लागि छुट्टै कोषको स्थापना गरी उनीहरुको हितमा उक्त कोष संचालन गर्नु आवश्यक देखिए पनि महिला सम्बन्धि कोष बाहेक अन्य कोषहरु स्थापना नभएको पाइएको छ । स्थापित कोषलाई कोष सञ्चालन कार्यविधि बनाइ आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्नु आवश्यक छ ।

महिला,अपाङ्ग,दलित, आदिबासी र जनजाती आदिको विकासको लागि बिभिन्न समिति गठन गरी उनीहरुको आवश्यकता बमोजिम कार्यक्रम तर्जुमा गर्नु पर्ने आवश्यकता भए पनि कार्यक्रमको आधारमा बजेट तयार पारिन्छ र बजेट अनुसारको खर्च गरी सोही अनुसार आर्थिक प्रतिवेदन प्रस्तुत गरिन्छ ।

बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई आंशिक रुपमा सूचना प्रवाह गर्ने गरेको पाइएकोले आगामी दिनमा यस्ता प्रकारका सहुलियतहरु प्रयोग गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी नागरिकहरुको पहुँच बढाउनु आवश्यक देखिन्छ ।

गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह दर्ता र सूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याएको पाइएको छ । महिलाहरुको वडास्तरमा समूह र गाउँपालिका स्तरीय सञ्जाल निर्माण हुने क्रममा छ भने बाल क्लब गठनका लागि केहि वडाहरुमा वडा स्तरको क्लब गठन भइ क्रियाशिल रहको र बाँकी वडा र गाउँपालिका स्तरको सञ्जाल गठनका लागि प्रक्रियामा रहेकाले यथासक्य चाँडो गठन गरी उनीहरुको क्षमता विकासका क्रियाकलापहरु संचालन गर्नु आवश्यक छ । एवं प्रकारले कृषि समुहहरु पनि दर्ता प्रक्रियामा रहेकाले दर्ता गराइ क्रियाशिल बनाउनु आवश्यक देखिन्छ ।

## ८.५ क्षमता विकास

हालै मात्र गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व- मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाएको देखिन्छ तर  यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नु आवश्यक देखिएकाले आगामी तर्जुमा गरिने योजनामा अनिवार्य रुपमा यस्ता कार्ययोजनालाई अनिवार्य रुपमा समेटेर  कार्यान्वयन गर्नु आवश्यक छ ।

गाउँपालिका बिशेष गरी वडा तहमा संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका केहि व्यक्ति र समुहलाई मात्र विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा क्षमता विकास गर्ने गरिएकोमा आगामी दिनमा सम्पूर्ण बर्ग,समूह र क्षेत्रका सहभागिहरुलाई समेटेर क्षमता विकास गर्नु आवश्यक छ । यस्ता प्रकारका कार्यक्रममा स्वरोजगारी सृजना गर्न सक्ने क्षेत्रलाई प्राथमिकतामा राखेर सञ्चालन गर्न सकेमा उनीहरुको आय आर्जन क्षमतामा बृद्धि भइ स्वरोजगारको अवस्था सृजना हुन सक्ने सम्भव प्राय देखिन्छ ।

स्थानीय सरकारको स्व मूल्याङ्कनबाट औंल्याइएका कमीकमजोरीहरुलाई क्षमता विकास योजनाको रुपमा तर्जुमा गरी निर्वाचित जनप्रतिनिधि,गाउँपालिकामा कार्यरत कर्मचारीहरु र लक्षित समूहहरुलाई प्राथमिकतामा राखेर संघीय तथा प्रदेश सरकारसंगको समन्वयमा क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने आवश्यकता देखिएको छ ।

## ८.६ नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता

महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण नभएको पाइएकोले यथासक्य चाँडो यस बारेमा अभिमुखीकरण गर्नु आवश्यक देखिएको गरिएको छ। कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गर्नु आवश्यक छ। यसका अलावा दिगो विकासका लक्ष्यहरुलाई सम्पूर्ण सरोकारवालाहरुसंगको सहकार्यमा स्थानीयकरण गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रमहरुमा रकम विनियोजन नगरेको पाइएकोले आगामी दिनमा यस्ता कार्यक्रमहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेर कार्यान्वयन गर्नु अपरिहार्य देखिन्छ।

महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम मध्ये महिला हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम संचालन भएको र अन्य कार्यक्रम गाउँपालिकामा कार्यरत गैरसरकारी संघसंस्थाहरुले कार्य प्रकृति अनुसार सञ्चालन गर्ने पाइएकोले आगामी दिनहरुमा गाउँपालिकाबाट यस्ता प्रकृतिका कार्यक्रमहरुलाई प्राथमिकता दिई कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक देखिन्छ ।

बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले बजेट विनियोजन गरी कार्यक्रम तर्जुमा गरेकाले सो कार्यक्रमबाट बाल अधिकार संरक्षण र सम्बर्द्धन गर्ने पक्षमा सुनिश्चित हुनु पर्ने देखिन्छ भने अन्य समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार पानी समयमै कार्यान्वयनका लागि गाउँपालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

मानव संसाधन विकास इकाईको स्थापना र श्रोत व्यक्तिहरुको अभिलेख राख्ने र महिला श्रोत व्यक्तिहरुको विवरण पनि अभिलेखमा राख्न आवश्यक देखिन्छ । स्थानीय भाषाका माध्यमबाट तालिम दिने गरेको छैन र स्थानीय भाषाका जानकार महिला र पुरुषहरुलाई अवसर दिन आवश्यक देखिन्छ । गाउँपालिकाले नियमित रुपमा लैससास विषयमा साझा चासो भएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाहरुसंग समन्वय गरी वैठक तथा विचारको आदान प्रदान गर्न आवश्यक भएको देखिन्छ । महिला विरुद्ध सबै खाले हिंसा निर्मुल सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्न महिला कानुनी शिक्षाको कार्यक्रम महिला शिक्षा, स्वास्थ्य, रोजगार, संचारमा जोड दिन आवश्यक भएको कुरा सहभागीहरुबाट औंल्याएको थियो ।

## ८.७ सेवा प्रवाह र संस्थागत संस्कृति

लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन नगरिएको तथा वार्षिकरुपमा अद्यावधिक पनि नगरेको पाइएकोले गाउँपालिकाले आगामी आवबाट यस्ता प्रकारका ब्यक्ति र समुदायको खण्डीकृत तथ्याङ्क संकलन गरी यसैका आधारमा योजना तर्जुमा गर्दा प्रभावकारी हुने देखिन्छ । यसका अतिरिक्त सेवा प्रवाहलाई प्रभावकारी एवं सबैको पहुँच अभिबृद्धि गर्न गाउँपालिकाले पहल गरेको देखिए पनि यसलाई निरन्तरता दिनका लागि गाउँपालिकासंग यावत् कार्यक्रम र निर्दिष्ट योजना हुनु आवश्यक देखिएको छ ।गाउँपालिका र वडा कार्यालयहरुमा बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना अपर्याप्त भएको र स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला र पुरुष शौचालय, प्रतिक्षालय आदिको सिमित ब्यबस्थापन गरेको पाइएको छ । तसर्थ आगामी दिनहरुमा निर्माण हुने भौतिक संरचनाहरु प्रयोगकर्तामैत्री हुनु पर्नेमा सबैको जोड रहेको पाईएको छ ।
गाउँपालिकाको विकास कार्यक्रममा लैससास मूलप्रवाहीकरण गर्न सर्वप्रथम कार्यरत कर्मचारीहरु नै लैससास संवेदनशिल हुन आवश्यक छ । गाउँपालिकाका कर्मचारीहरुमा लैससास सचेतना सम्वन्धी सीमित ज्ञान भएको अध्ययनबाट पाईयो । कर्मचारीहरुले विकासको कार्यक्रमहरुमा कसरी लैससास मूलप्रवाहीकरण गर्ने भन्ने ज्ञानको कमी भएको अवगत गराइएको थियो । गाउँपालिकाको मानव संसाधन विकासको निर्देशिका लैससास संवेदनशिल हुनु पर्ने औंल्याएको छ ।

## ८.८ सुशासन

गाउँपालिकाले हालसम्म गाउँपालिकास्तरिय सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षणको अभ्यास नगरेको पाइयो भने गुनासो सुनुवाईका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था र गुनासोको व्यवस्थापन गर्ने गरिएको,बिद्युतीय सामुदायिक सुचना पाटीको व्यवस्था मार्फत सेवाग्राहीलाई सेवाप्रवाहको बारेमा जानकारी गराइएको,नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको पाइएको छ तथापि उक्त सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने नगरिएकोले आगामी दिनमा यस्ता बर्गको अर्थपूर्ण सहभागिता हुनु पर्ने देखिन्छ ।

सार्वजनिक सुनुवाईका लागि बहिर्गमन अभिमत र नागरिक प्रतिवेदनको प्रयोग मार्फत सेवाग्राहीले भोगेका वास्तविक समस्याको उजागर हुने भएकाले आगामी दिनमा यस्ता प्रकारका औजारहरुको प्रयोग अनिवार्य देखिन्छ । हाल गाउँपालिकाको वेभसाइट निर्माण भई बिभिन्न महत्वपूर्ण सूचनाहरु यसै वेभसाइट मार्फत सार्वजनिकिकरण गर्ने अभ्यास भइरहेको र आगामी दिनहरुमा गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरुलाई सबैले बुझ्ने सरल र सजिलो भाषामा अद्यावधिक गर्न आवश्यक देखिएको छ साथै यस्ता प्रकारका सूचनाहरु स्थानीय संचार माध्यम र सूचना पाटीबाट प्रकाशित गर्ने प्रचलनलाई अरु बढवा दिन आवश्यक देखिन्छ ।

आगामी दिनमा लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने नगरेको,बिभिन्न समितिहरुमा छलफल गर्ने नगरेको, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने र सूचना, शिक्षा र संचारका साधनहरुको प्रभावकारी प्रयोगका लागि सम्पूर्ण सहभागिहरुको ऐक्यमत देखिएकाले यसलाई तत्काल कार्यान्वयन गर्न बाञ्छनिय देखिन्छ ।

## ९. लैससास बजेट परिक्षण बिधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

### ९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्ग | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | १.५ | | |
| क | गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति र रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| ख | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषत: महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ? | ०–१ | ० | | |
| ग | हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ? | ०–१ | ० | | |
| घ | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ? | ०–१ | १ | वेवसाइट,प्रत्यक्ष अवलोकन | |
| ङ | गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषत: महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | लैससास नीतिको मस्यौदा | |
| च | महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? (जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु) | ०–१ | ० | | |
| छ | गाउँपालिकामा हुनसक्ने सबै प्रकारका विभेद र दुर्व्यवहार (जस्तै यौनजन्य, जातीय र महिला हिंसा नियन्त्रण, समान कामका लागि समान ज्यालाको लागि नीति बनाएर लागु गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| २ | **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | ७ | ४.५ | | |
| क | आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ? | ०–१ | १ | आवधिक योजना | |
| ख | आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | आवधिक योजना,बार्षिक गाउँ विकास योजना,गाउँ बस्तुगत विवरण | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| ग | आवधिक, क्षेत्रगत, लैससास नीति अनुरुप वार्षिक नीति तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम बीचको तादम्यता छ वा छैन ? | ०–१ | ०.५ | आवधिक योजना,बार्षिक गाउँ विकास योजना,वास रणनीतिक योजना | |
| घ | वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ? | ०–१ | ० | | |
| ङ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ? | ०–१ | १ | बस्तीस्तरको भेलाको माइन्यूट,KII | |
| **च** | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन ? | ०–१ | ०.५ | बार्षिक गाउँ विकास योजना | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | ०–१ | १ | बार्षिक गाउँ विकास योजना, तालिम प्रतिवेदन, | |
| **३** | **योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन** | ७ | ३.५ | | |
| क | उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ? | ०–१ | १ | FGD, KII, उपभोक्ता समितिको योजना पुस्तिका | |
| ख | उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ वा छैन ? | ०–१ | १ | FGD, KII, उपभोक्ता समितिको योजना पुस्तिका | |
| ग | उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | FGD, KII, उपभोक्ता समितिको योजना पुस्तिका | |
| घ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ? | ०–१ | ०.५ | FGD, KII, अनुगमन प्रतिवेदन | |
| ङ | गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ? | ०–१ | ०.५ | समुह छलफल | |
| **च** | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ? | ०–१ | ० | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| **छ** | नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रम र योजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ? | **०–१** | ० | | |
| **४** | **आन्तरिक संरचना** | **७** | **३.५** | | |
| क | गाउँपालिकामा गठित न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ? | **०–१** | ० | | |
| ख | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ? | **०–१** | ० | | |
| ग | गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ? | **०–१** | ०.५ | FGD, KII,समुह छलफल | |
| घ | सामाजिक विकास शाखा र महिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ? | **०–१** | १ | लैससास सम्पर्क व्यक्ति तोकिएको पत्र | |
| ङ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ? | **०–१** | ०.५ | बार्षिक गाउँ विकास योजना, KII | |
| **च** | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ? | **०–१** | ०.५ | समुह छलफल | |
| **छ** | गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्ता र सूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ? | **०–१** | १ | दर्ता पुस्तिका,समुह छलफल | |
| **५** | **क्षमता विकास** | **७** | **३.५** | | |
| क | गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ? | **०–१** | १ | माइन्यूट,कार्ययोजना | |


| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| ख | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | १ | समुह छलफल | |
| ग | गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | समुह छलफल | |
| घ | तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | समुह छलफल | |
| ङ | गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| **च** | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | समुह छलफल,बार्षिक योजना पुस्तिका | |
| **छ** | लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| **६** | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | **७** | **१** | | |
| क. | महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ? | ०–१ | **०** | | |
| ख. | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ? | ०–१ | **०** | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| ग. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ? | ०–१ | ० | | |
| घ. | महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | ०–१ | ० | | |
| ङ | महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | अभियानको फोटो,माईन्यूट,ब्यानर | |
| **च** | संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | ०.५ | समुह छलफल,बार्षिक योजना पुस्तिका | |
| छ | समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | ० | | |
| ७ | **सेवा प्रवाह र संस्थागत संस्कृति** | ७ | २ | | |
| क | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| ख | गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भए वा नभएको ? | ०–१ | १ | समुह छलफल,बार्षिक योजना पुस्तिका | |
| ग | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाउँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिलारपुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ? | ०–१ | ०.५ | अवलोकन,छलफल | |
| घ | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) ? | ०–१ | ० | | |
| ङ | राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्दाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन र नियन्त्रणका लागि) अभियान र | ०–१ | ०.५ | माइन्यूट,बार्षिक योजना पुस्तिका | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| | चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ? | | | | |
| च | महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| छ | गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| **८** | **सुशासन** | **७** | **१.५** | | |
| क | स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | अवलोकन,छलफल | |
| ख | सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ग | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| घ | Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ? | ०–१ | १ | वेवसाईट, सुरक्षा भत्ता वितरणको भरपाई | |
| ङ | सार्वजनिक महत्वका सूचनाहरु साथै माथि “घ” मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| च | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| छ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials) प्रवाह गरिएको छ वा छैन ? गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ? | ०–१ | ० | | |

| क्र.सं. | सूचकहरु | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | १.५ |
| २ | लैससास विश्लेषणमा आधारित योजना तर्जुमा | ७ | ४.५ |
| ३ | योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन | ७ | ३.५ |
| ४ | आन्तरिक संरचना | ७ | ३.५ |
| ५ | क्षमता विकास | ७ | ३.५ |
| ६ | नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | ७ | १.० |
| ७ | सेवा प्रवाह र संस्थागत संस्कृति | ७ | २.० |
| ८ | सुशासन | ७ | १.५ |
| | **जम्मा** | **५६** | **२१** |

## ९.२ माकुरे जालो




## १०.सवल पक्ष  र सुधार गर्नु पर्ने पक्षहरु

### १०.१ कानून तथा नीतिमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण

| **सवल पक्षहरु** | **सुधार गर्नु पर्ने पक्षहरु** |
|---|---|
| ▪ गाउँपालिकाबाट स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिनु<br>▪ सबै कानुन र नीतिहरु प्रकाशन गरी सवैको पहुँचमा हुने गरी गाउँपालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राख्नु<br>▪ महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंगको छलफलबाट प्राप्त सुझावका आधारमा लैससास नीति तर्जुमा गरिनु<br>▪ अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि कार्यक्रमहरु संचालन हुनु र आवश्यक नीति तथा कार्यविधिहरु तर्जुमा गर्ने सोचमा हुनु | ▪ गाउँपालिकाले तर्जुमा गर्ने कानुन,नीति र रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने नगरेको<br>▪ संस्थाको नीति नियम, विनियम र निर्देशिकाहरुमा लैससास संवेदनशिलताको कमी<br>▪ कानुन,नीति र रणनीति तयार गर्दा लाभग्राहीको सुझाव लिन आवश्यक<br>▪ निर्माण भएका कानुन,नीति र रणनीतिको बारेमा पदाधिकारी तथा कर्मचारीलाई अभिमुखीकरणको व्यबस्था हुनुपर्ने<br>▪ नीति निर्माणको तहमा महिला जनप्रतिनिधि र कर्मचारीहरु न्यून हुनु<br>▪ अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलितमैत्री नीति बनाइ लागु गर्नु पर्ने । |

## १०.२ लैससास विश्लेषणमा आधारित योजना तर्जुमा

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्षहरु |
|---|---|
| ▪ आवधिक योजनामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिएको<br>▪ गाउँ बस्तुगत विवरण तयार भइ प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गरी आवश्यकता पहिचान गर्ने गरिएको<br>▪ आवधिक योजना र क्षेत्रगत योजनाको आधारमा बार्षिक नीति तथा कार्यक्रम तर्जुमा भएको<br>▪ वडा सदस्यको नेतृत्वमा बस्तीस्तरको योजना तर्जुमा हुने गरेको<br>▪ गाउँपालिकामा बिषयगत समितिको गठन एवं बार्षिक योजना तर्जुमा प्रक्रियामा महत्वपूर्ण भूमिका रहने गरेको<br>▪ गाउँपालिका र वडा तहबाट बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको क्षमता विकासका लागि विभिन्न तालिम तथा अनुशिक्षणका लागि वजेटको ब्यबस्था गरिएको | ▪ आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गर्नुपर्ने<br>▪ खण्डीकृत तथ्याङ्क सहितको गाउँ बस्तुगत विवरण तयार गरी बार्षिक रुपमा अद्यावधिक गर्दै जानुपर्ने<br>▪ बस्तुगत विवरणबाट प्राप्त सूचनाको विश्लेषण पछि योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने<br>▪ लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रक्रियालाई अवलम्बन गरी कार्ययोजना तयार गर्नुपर्ने<br>▪ बिषयगत समितिहरुको नियमित बैठक तथा क्षमता विकासका क्रियाकलापहरुलाई स्थान दिइनुपर्ने ।<br>▪ बिषयगत कार्यक्रमहरुमा लैससासलाई सम्बोधन हुने गरी अन्तर क्षेत्रगत बिषयको रुपमा समेट्नु पर्ने<br>▪ लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि बिशेष प्याकेज कार्यक्रम तय गर्नुपर्ने |

## १०.३ योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन

| सवल पक्षहरु | सुधार गर्नु पर्ने पक्षहरु |
|---|---|
| ▪ वडा सदस्यको समुपस्थितिमा समुदायको आम भेलाबाट उपभोक्ता समितिको गठन हुने गरेको<br>▪ उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गरिएको र महत्वपूर्ण तीनवटा पद मध्ये एक पदमा महिलाको अनिवार्य सहभागिता हुने गरेको<br>▪ उपभोक्ता समितिको सहजताका लागि आवश्यक कागजात सहितको उपभोक्ता समिति संचालन पुस्तिका निर्माण भएको<br>▪ लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्तिको वार्षिक योजना तर्जुमा प्रकियामा सहभागिता हुनु<br>▪ अनुगमन तथा सुपरिवेक्षण समिति गठन भइ क्रियाशिल रहेको | ▪ उपभोक्ता समितिमा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको अनिवार्य सहभागिता हुनुपर्ने व्यवस्था गर्नुपर्ने<br>▪ जनसंख्याको आधा हिस्सा ओगट्ने महिलाहरुको उपभोक्ता समितिमा सोही प्रकारको प्रतिनिधित्व रहने व्यवस्था कार्यान्वयन गर्नुपर्ने<br>▪ लैससास समूहलाई प्रत्यक्ष लाभ हुने र उनिहरुका लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु प्राथमिकताका साथ वार्षिक योजनामा समावेश हुन नसक्नु<br>▪ योजनाको अनुगमन तथा सुपरिवेक्षणका लागि आवश्यक सूचकहरु निर्माण गरी सोको आधारमा हुने नगरेको<br>▪ योजनाको अनुगमन प्रतिवेदन गाउँकार्यपालिकामा पेश गरी छलफल गर्नुपर्ने<br>▪ लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्तिको लागि सञ्चालित कार्यक्रमको लागत,लाभ र प्रभाव विश्लेषण गर्नुपर्ने ।<br>▪ लैससास सम्वन्धि छलफल र सिकाइ आदान प्रदान गर्नुपर्ने र यस्ता सिकाइलाई नीति तथा योजनामा समावेश गरिनुपर्ने |

## १०.४ आन्तरिक संरचना

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्षहरु |
|---|---|
| ▪ न्यायिक समिति गठन भइ क्रियाशिल रहेको र केहि वडा तहमा मेलमिलाप केन्द समेत गठन भएको | ▪ मेलमिलाप केन्दमा लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व नभएको<br>▪ न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका विवदहरुको खण्डीकृत तथ्याङ्क सहितको अभिलेख नभएको |

| | |
|---|---|
| ▪ न्यायिक समिति र मेलमिलाप केन्द्रमा विवादहरु दर्ता भइ समाधानका लागि पहल हुनु<br>▪ महिला तथा बालबालिका शाखाको स्थापना र लैससास सम्पर्क व्यक्ति तोकिएको<br>▪ महिलाहरुको क्षमता विकासका लागि महिला कोष स्थापना हुनु<br>▪ वडा र गाउँपालिका तहमा महिला,बालबालिका एवं अपाङगहरुको समिति एवं सञ्जान गठन भइ क्रियाशिल रहेको | ▪ गाउँपालिका अन्तर्गत गठन भएका समिति र उपसमितिमा लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व गराउने परिपाटीको कमी<br>▪ लैससास सम्पर्क शाखा एवं ब्यक्तिलाई अभिमुखीकरण गर्न नसकिएको<br>▪ बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरुको बारेमा सूचना प्रवाह नभएको |

## १०.५ क्षमता विकास

| सवल पक्षहरु | सुधार गर्नु पर्ने पक्षहरु |
|---|---|
| ▪ गाउँपालिकाको संस्थागत स्वमुल्याङ्कन भइ कार्य योजना समेत तर्जुमा भएको<br>▪ क्षमता विकास योजना तयारी गर्ने क्रममा रहेको<br>▪ लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्तिलाई क्षमता विकास तालिम संचालन गरिएको<br>▪ महिला, जनजाति तथा दलित महिलालाई लक्षित गरेर विनियोजन गरेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको । | ▪ समानुपातिक समावेशीकरणको सिद्धान्तलाई व्यवहारमा उर्तान आवश्यक र नीति तथा बजेट निर्माताहरुमा ज्ञानको कमी<br>▪ गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन महिला विकासको लागि छुट्टै कोषको व्यवस्था हुन नसक्नु<br>▪ आदीबासी,जनजाती र दलित वर्गका महिलाहरुको विकासको लागि बजेटको कमी<br>▪ महिला तथा पुरुष खन्डिकृत तथ्यांकहरु संकलन र अध्यावधिक नभएको र  सूचना तथा अभिलेख केन्द्रको स्थापना नभएको<br>▪ लैससास डेस्क स्थापना गर्न आवश्यक<br>▪ गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरु लैससास सम्बन्धि क्षमता विकास तालिम संचालन नभएको |

## १०.६ नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता

| **सवल पक्षहरु** | **सुधार गर्नुपर्ने पक्षहरु** |
|---|---|
| ▪ महिला हिंसा विरुद्धको १६ दिने अभियान प्रभावकारी रुपमा सञ्चालन हुदै आइरहेको<br>▪ विशेष गरी महिला, बालबालिका र विपिन्न वर्गको जनचेतनामा अभिवृद्धि भई स्थानीय निकायको विकास कार्यहरुमा सहभागितामा वृद्धि<br>▪ बालबालिकाका लागि बजेट विनियोजन गरी बालमैत्री स्थानीय शासनको अवलम्बन | ▪ महिला विरुद्ध हुने सवै खाले हिंसा निर्मुल पार्ने कार्यक्रम र सो अनुसारको वजेट विनियोजन गर्न आवश्यक<br>▪ वेईजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताको वारेमा स्थानीय निकायका कर्मचारीहरुलाई सो सम्वन्धि अनुशिक्षण र जानकारी नभएको र उत्त: क्षेत्रमा कार्यक्रम तर्जमा नगरिएको<br>▪ विभिन्न जातिगत छुवाछुत सामाजिक सम्वन्धी कुरुती हटाउने कार्यक्रमहरु पूर्ण रुपमा संचालनमा नआएको अवस्था<br>▪ संयुक्त राष्ट्र संघिय वालअधिकार महासन्धिमा गरिएको प्रतिवद्धता कार्यान्वयन गर्ने कार्यकमहरुमा वजेट विनियोजन न्युन हुनु<br>▪ राष्ट्र संघिय सुरक्षा परिषदवाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा उल्लेख गरिएका कार्यक्रमहरुको कार्यान्वयनमा जोड दिनु पर्ने |

## १०.७ सेवा प्रवाह र संस्थागत संस्कृति

| **सवल पक्षहरु** | **सुधार गर्नु पर्ने पक्षहरु** |
|---|---|
| ▪ सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन हुनु | ▪ मानव संसाधन तथा विकास इकाईको स्थापना र सक्रिय रुपमा अगाडि बढन आवश्यक<br>▪ लैङ्गिक समानता तथा समाजिक समावेशीकरण कार्यक्रमलाई कार्यान्वयन गर्न यथेष्ट श्रोतमा कमी |

| | |
|---|---|
| ▪ गाउँपालिकामा सेवाग्राहीलाई बिश्राम स्थल,शौचालय र खानेपानीको प्रवन्ध हुनु<br>▪ महिला कर्मचारी र महिला सेवाग्राहीमा महिला हिंसा विरुद्दको सुन्य सहनशिलताको बारेमा सचेतना अभिबृद्धि भएको<br>▪ गाउँपालिकाले महिला हिंसा बिरुद्धको १६ दिने अभियान प्रभावकारी रुपले संचालन गर्ने गरेको<br>▪ गाउँपालिकामा अधिकृत स्तर देखि वडा सचिव र सहायक पदमा महिला कर्मचारीको बाहुल्यता<br>▪ हरेक वडामा नागरिक बडापत्रको व्यवस्था र कार्यान्वयन<br>▪ निर्माणाधिन भौतिक संरचनाहरु अपाङ्ग,बाल र महिलामैत्री बन्दै गरेका | ▪ गाउँपालिकाले नियमित रुपमा लैंससास विषयमा साझा चासो भएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाहरुसंग समन्वय विस्तार गरी वैठक तथा विचारको आदान प्रदान गर्न आवश्यक<br>▪ स्थानीय तहमा महिलाद्धारा संचालित गै.स.स. तथा सामुदायिक संस्थाहरुसंग लैंङ्गिक पक्षको सम्वन्धमा नियमित रुपमा कार्यगत सम्वन्ध हुन आवश्यक<br>▪ महिलाहरुको सशक्तिकरणको लागि क्षमता विकास र चेतना वृद्धिमा जोड दिन आवश्यक<br>▪ लैंससास मूलप्रवाहिकरणका लागि गाउँपालिकाका अल्पकालिन र दीर्घकालिन योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक<br>▪ गाउँपालिकाको संगठन विकास अध्ययन गरी कर्मचारीहरुको कार्य विवरण बनाई कार्यान्वयन गर्नुपर्ने |

## १०.८ सुशासन

| सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| ▪ भौतिक पूर्वाधार निर्माणका योजनाहरुमा सार्वजनिक लेखा परीक्षणलाई अनिवार्य गर्नु<br>▪ गाउँपालिकाको Website मार्फत विभिन्न महत्वपूर्ण सूचनाहरु बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, गाउँपालिकाको पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु सार्वजनिकिकरण हुनु<br>▪ गाउँपालिका लगायत ७ वटै वडामा नागरिक वडापत्रको व्यवस्था हुनु<br>▪ गाउँपालिकामा Digital Notice Board बाट सूचना प्रवाह हुनु | ▪ सार्वजनिक सुनुवाई,सार्वजनिक लेखा परिक्षण र सामाजिक लेखा परिक्षणलाई नियमित र प्रभावकारी रुपमा संचालन गर्न कार्यविधिको निर्माण गरी कार्यान्वयन नगरिएको<br>▪ सार्वजनिक सुनुवाईमा बहिर्गमन अभिमत सर्वेक्षण (Exit Poll Survey) र नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) को प्रयोग हुनुपर्ने<br>▪ लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि सूचना, शिक्षा र संचारको (IEC materials) समाग्रीको प्रवाह हुनुपर्ने<br>▪ लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययनको प्रकाशन गरी गाउँपालिकाका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्नु पर्ने |

## ११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्य योजना

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | नपर्ने |
| **१.कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण** | | | | | | | | |
| ७ | १.५ | १.१.लैससास अवधारणाको आधारमा गाउँपालिकाको विशिष्टकृत लैससास नीति वनाउने | लैससास सम्पर्क व्यक्ति | गाउँकार्यपालिका | गाउँपालिका | २०७६ चैत्र मसान्त | १०० छपाईको लागि मात्र | |
| | | १.२.कानून,नीति तर्जुमा र संशोधनमा लैससास समूहहरुको प्रतिनिधित्वको सुनिश्चितता गर्ने र उनीहरुको सुझावलाई कानून,नीति तर्जुमामा समावेश गर्ने | प्र.प्र.अ. | गाउँकार्यपालिका | विधेयक समिति | निरन्तर | | नपर्ने |
| | | १.३ हालसम्म स्वीकृत भएका कानून,नीतिको बारेमा जनप्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने | प्र.प्र.अ. | गाउँकार्यपालिका | म्बा तथा जेष्ठ नागरिक शाखा | २०७७ आषाढ सम्म | १५०० | |
| | | १.४ स्वीकृत भएका कानून,नीति वेभसाइट र सबैको शाखा एवं वडामा राख्ने | प्र.प्र.अ. | गाउँकार्यपालिका | सूचना तथा प्रविधि शाखा | | | नपर्ने |
| **२.लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | | | | | | | | |
| ७ | ४.५ | **२.१.**गाउँबस्तुगत विवरणलाई अद्यावधिक गर्ने | प्र.प्र.अ. | गाउँकार्यपालिका | सूचना तथा प्रविधि शाखा | २०७७ जेठ सम्म | १०० | |
| | | २.२. लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने | लैससास सम्पर्क व्यक्ति | गाउँकार्यपालिका | गाउँपालिका | २०७७ जेठ मसान्त सम्म | ५० | |

| पूर्णाङ्ग | प्राप्ताङ्ग | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | नपर्ने |
| | | २.३ सबै बिषयगत समितिहरुमा लैससासलाई अनिवार्य रुपमा संबोधन गर्ने | प्र.प्र.अ. | गाउँकार्यपालिका | गाउँपालिका | २०७७ बैशाख १५ | | नपर्ने |
| | | २.४ पहिचान, प्रतिनिधित्व,सहभागिता र अधिकारवारे चेतना अभिबृद्धि (प्राविधिक तालिमहरु) कार्यक्रम संचालन गर्ने | प्र.प्र.अ. | गाउँकार्यपालिका | गाउँपालिका | २०७७ जेठ | १०० | |
| **३.योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन** | | | | | | | | |
| ७ | ३.५ | ३.१ अनुगमन तथा सुपरिवेक्षण समितिको क्षमता विकासका लागि आवश्यकता अनुसार तालिम कार्यक्रमहरु संचालन गर्ने | अ.सु.स. | गाउँकार्यपालिका | प्र.प्र.अ. | २०७७ जेठ | ५० | |
| | | ३.२. लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुहलाई आयोजनाको उचित प्रतिफल,असर तथा प्रभाव परे नपरेको सम्वन्धमा वर्गीकृत तथ्यांक तथा सुचनाहरुमा आधारित अनुगमन तथा मुल्यांकन गर्ने | प्र.प्र.अ. | गाउँकार्यपालिका | अ.सु.स. | २०७७ असार | | नपर्ने |
| | | ३.३ गाउँपालिकामा सुचना तथा अभिलेख केन्दको स्थापना गर्ने | सूचना प्रविधि शाखा | गाउँकार्यपालिका | गाउँपालिका | २०७७ असोज | २०० | |
| | | ३.४ लैससास सम्बन्धि सिकाइ आदान प्रदानका लागि चौमासिक रुपमा बुलेटिन प्रकाशन गर्ने | सूचना प्रविधि शाखा | गाउँकार्यपालिका | गाउँपालिका | २०७६ बैशाख | ५ | |
| **४.आन्तरिक संरचना** | | | | | | | | |
| ७ | ३.५ | ४.१.लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्तिको प्रतिनिधित्व सहितको मेलमिलाप केन्दको गठन र तालिम | कानूनी सहजकर्ता | गाउँकार्यपालिका | न्यायिक समिति | २०७६ चैत्र | ५०० | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | नपर्ने |
| | | ४.२.मेलमिलाप केन्दमा दर्ता भएका विवादहरुको खण्डीकृत तथ्याङ्क सहितको अभिलेख स्थापना | कानूनी सहजकर्ता | गाउँकार्यपालिका | न्यायिक समिति | २०७६ चैत्र | | नपर्ने |
| | | ४.३ वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोषको स्थापना र परिचालन | प्र.प्र.अ. | गाउँकार्यपालिका | गाउँपालिका | २०७७ साउन | २००० | |
| | | ४.४ बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरुको बारेमा प्रचार प्रसार एवं अभिमुखीकरण | सूचना प्रविधि शाखा | प्र.प्र.अ. | सूचना प्रविधि शाखा | २०७६ चैत्रबाट शुरु | | नपर्ने |
| **५.क्षमता विकास** | | | | | | | | |
| ७ | ३.५ | **५.१.**क्षमता विकास कार्ययोजना तयारी र कार्यान्वयन | सामाजिक विकास शाखा | प्र.प्र.अ. | गाउँपालिका | २०७७ असार | १००० | |
| | | **५.२.** गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई लैससास सम्वन्धी क्षमता विकास तालिम | लैससास सम्पर्क व्यक्ति | गाउँकार्यपालिका | प्र.प्र.अ. | २०७७ भदौ | १०० | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | नपर्ने |
| | | ५.३ महिलाहरुका लागि लोक सेवा आयोग तयारी कक्षा, | लैससास सम्पर्क व्यक्ति | गाउँकार्यपालिका | म.बा.जे.ना.शाखा | २०७७ साउन | २५० | |
| | | ५.४ पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी ग्रामीण महिला प्राविधिकहरु तयारी | लैससास सम्पर्क व्यक्ति | गाउँकार्यपालिका | म.बा.जे.ना. शाखा | २०७७ भदौ | ४०० | |
| | | ५.५ बैदेशिकं रोजगारीमा जाने समुहको विवरण संकलन एवं क्षमता विकासको लागि कार्यक्रमहरू | सूचना प्रविधि शाखा | प्र.प्र.अ. | गाउँपालिका | २०७७ कार्त्तिक | १०० | |
| | | ५.६ लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय | प्र.प्र.अ. | गाउँकार्यपालिका | म.बा.जे.ना. शाखा | २०७६ चैत्र | | नपर्ने |
| **६ नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धता** | | | | | | | | |
| ७ | १ | **६.१.** महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको | प्र.प्र.अ. | गाउँकार्यपालिका | म.बा.जे.ना. शाखा | २०७७ जेठ | १०० | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | नपर्ने |
| | | वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण | | | | | | |
| | | **६.२.** दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण र लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम | प्र.प्र.अ. | गाउँकार्यपालिका | गाउँपालिका | २०७७ भदौ | ३०० | |
| | | ६.३ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रमको कार्यान्वयन | प्र.प्र.अ. | गाउँकार्यपालिका | गाउँपालिका | २०७७ साउन | ५०० | |
| | | ६.४ महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | म.बा.जे.ना. शाखा | आवश्कता अनुसार | | |
| | | ६.५ बालमैत्री स्थानीय शासन कार्यक्रमको अवलम्वन एवं विकास | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | म.बा.जे.ना. शाखा | २०७६ चैत्र | ५०० | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | नपर्ने |
| | | ६.६ जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि अभियान र चेतनामुलक कार्यक्रम संचालन | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | म.बा.जे.ना. शाखा | आवश्यकता अनुसार | | नपर्ने |
| **७ सेवा प्रवाह र संस्थागत सस्कृति** | | | | | | | | |
| ७ | २ | **७.१.** लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | म.बा.जे.ना. शाखा | २०७७ भदौसम्म | | नपर्ने |
| | | **७.२.** बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माणका लागि कार्यविधि निर्माण एवं कार्यान्वयन | प्र.प्र.अ. | गाउँकार्यपालिका | विधेयक समिति | २०७७ मंसिरसम्म | | नपर्ने |
| | | ७.३ महिला हिंसा विरुद्दको शुन्य सहनशिलता सम्बन्धि आचार संहिता निर्माण र कार्यान्वयन | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | गाउँपालिका | २०७६ चैत्र | | नपर्ने |
| | | ७.४ लैससासमैत्री आचरण, भाषा, व्यवहारको प्रयोग | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | गाउँपालिका | २०७६ चैत्र | | नपर्ने |
| **८. सुशासन** | | | | | | | | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | नपर्ने |
| ७ | १.५ | **८.१.** सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन | प्र.प्र.अ. | गाउँकार्यपालिका | गाउँपालिका | २०७७ बैशाख | | नपर्ने |
| | | **८.२.** सार्वजनिक महत्वका सूचनाहरु स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिकिकरण | सूचना प्रविधि शाखा | प्र.प्र.अ. | सूचना प्रविधि शाखा | २०७७ बैशाख | | नपर्ने |
| | | ८.३ लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने | प्र.प्र.अ. | गाउँकार्यपालिका | सूचना प्रविधि शाखा | २०७६ चैत्र | | नपर्ने |
| | | ८.४ लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि सूचना, शिक्षा र संचारको (IEC materials) विकास र प्रवाह | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | म.बा.जे.ना. शाखा | २०७७ साउन | १०० | |

## १२. निष्कर्ष तथा सुझाव

गाउँपालिकामा पनि लैंङ्गीक संवेदनशिलताको विकास भएको पाईएको छ तर यस विषयमा प्रयाप्त मात्रामा ज्ञानको कमीले गर्दा गाउँपालिकामा लैंससास सवालहरु पहिचान गर्न अप्ठ्यारो भएको र लैंससास संवेदनशिल योजना,बजेटको तर्जुमा, कार्यान्वयन र अनुगमन लैंससासको दृष्टिकोणबाट कमी भएको पाईयो। गाउँपालिकमा कार्यरत कर्मचारीहरुमा महिला विकास सम्वन्धी सकारात्मक भावनाको विकास भएता पनि महिला विकासको कार्यक्रममा प्रयाप्त बजेटको कमी पाईयो। गाउँपालिकामा लैंससासमैत्री सकारात्मक केहि ब्यबहारहरु भए पनि गाउँपालिकाको आवधिक,बार्षिक र क्षेत्रगत योजनाको लक्ष्य, उदेश्य, नीतिहरुमा लैससासको दृष्टिकोणबाट केलाएर हेर्दा लैससास संवेदनशिलताको कमी पाईयो।

गाउँपालिकामा लैससास Focal Person को व्यवस्था भए पनि लैससास मूलप्रवाहीकरण सम्वन्वय समिति गठन नभएको र यस समितिको गठन एवं सक्रियताको आवश्यक देखिएको छ। गाउँपालिकाले पूर्व लोकसेवा तयारी कक्षा संचालनको व्यवस्था गरेको र लैंङ्गिक र महिला विकासमा संलग्न संस्थाहरुसंग सहकार्यमा काम गर्दै आइरहेको भएपनि बजेट विनियोजन गर्दा लैससास मूलप्रवाहीकरणका लागि प्रयाप्त बजेट विनियोजन गर्न आवश्यक देखिएको छ। गाउँपालिकाले तर्जुमा गरेका ऐन, नियम र आ.गा.वि.यो मा लैससास विषयमा कम महत्व दिएको र कार्यान्वयनमा सुधार ल्याउन आवश्यक देखिन्छ। सम्पूर्ण उपभोक्ता समितिमा ३३ प्रतिशत महिला हुनैपर्ने नीति निर्माण भएको तर उपभोक्ता समितिहरुमा महिलाहरुको सक्रिय सहभागितामा वृद्धि गराउन आवश्यक देखिन्छ।

गाउँपालिकाले महिला शसक्तिकरणको कार्यक्रममा केही बजेट विनियोजित गरी कार्यान्वयन गरे पनि प्रयाप्त बजेटको व्यवस्था हुन आवश्यक देखिन्छ। गाउँपालिकाको नीति, निर्देशिका तथा बजेट निर्माताहरुमा लैससास सम्बन्धि ज्ञानको वृद्धि गर्न आवश्यक छ। योजना, बजेट तर्जुमा  गर्दा महिला सहभागिताहरुको संख्यामा वृद्धि गर्न आवश्यक छ। सामाजिक विकासमा विनियोजित बजेटले लैससास कार्यक्रमहरुलाई लक्षित गर्न आवश्यक देखिन्छ।

गाउँपालिका अन्तर्गत संचालित अन्तराष्ट्रिय संघ संस्थाहरुको विकास कार्यक्रममा बालबालिका,पिछिडिएका वर्ग र महिलाहरुको सवाललाई बढि समेटिएकोले यसले महिला सशक्तिकरणमा विशेष जोड दिएको पाईयो र यस्ता कार्यक्रमलाई पर्याप्त मात्रामा बजेट गाउँपालिकाले विनियोजित गर्न आवश्यक देखिन्छ। गाउँपालिकामा लैससास विषयलाई बलियो पार्न आवधिक तथा बार्षिक योजनाको लक्ष्य, उद्धेश्य, कार्यक्रम, नीति, निर्देशिकामा लैससास संवेदनशिल बनाउन आवश्यक छ। गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीमा यस विषयको बारेमा क्षमता वृद्धि गर्न आवश्यक छ। लैससास डेस्क स्थापना लगायत महिलाहरुको नीति निर्माण तहमा सहभागितामा वृद्धि गर्न आवश्यक छ र गाउँपालिकामा लैससास परीक्षण पद्धतिलाई संस्थागत गरी नियमित रुपमा परीक्षण गर्न आवश्यक देखिन्छ।

# अनुसुची

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचकहरु

**(GESI Audit)**

**नोट : ० = शुन्य, ०.५ = ठिकै, १ = राम्रो**

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | | | |
| क | गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति र रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ? | ०–१ | | | |
| ख | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषत: महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ? | ०–१ | | | |
| ग | हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ? | ०–१ | | | |
| घ | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ? | ०–१ | | | |
| ङ | गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषत: महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| च | महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? (जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु) | ०–१ | | | |
| छ | गाउँपालिकामा हुनसक्ने सबै प्रकारका विभेद र दुर्व्यवहार ( जस्तै यौनजन्य, जातीय र महिला हिंसा नियन्त्रण, समान कामका लागि समान ज्यालाको लागि नीति बनाएर लागु गरिएको छ वा छैन ? | ०–१ | | | |
| २ | **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | ७ | | | |
| क | आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ? | ०–१ | | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| ख | आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| ग | आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम वीचको तादम्यता छ वा छैन ? | ०–१ | | | |
| घ | वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ? | ०–१ | | | |
| ङ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ? | ०–१ | | | |
| **च** | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन ? | ०–१ | | | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | ०–१ | | | |
| **३** | **योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन** | ७ | | | |
| क | उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ? | ०–१ | | | |
| ख | उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ वा छैन ? | ०–१ | | | |
| ग | उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ? | ०–१ | | | |
| घ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ? | ०–१ | | | |
| ङ | गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ? | ०–१ | | | |
| **च** | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय | ०–१ | | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्ग | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| | विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ? | | | | |
| **छ** | नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रम र योजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | | | |
| ४ | **आन्तरिक संरचना** | ७ | | | |
| क | गाउँपालिकामा गठित न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | | | |
| ख | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ? | ०–१ | | | |
| ग | गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | | | |
| घ | सामाजिक विकास शाखा र महिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ? | ०–१ | | | |
| ङ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| **च** | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ? | ०–१ | | | |
| **छ** | गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्ता र सूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ? | ०–१ | | | |
| **५** | **क्षमता विकास** | ७ | | | |
| क | गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व- मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ? | ०–१ | | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| ख | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| ग | गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| घ | तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| ङ | गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ? | ०–१ | | | |
| **च** | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| **छ** | लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| **६** | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | **७** | | | |
| क. | महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ? | ०–१ | | | |
| ख. | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ? | ०–१ | | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| ग. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ? | ०–१ | | | |
| घ. | महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | ०–१ | | | |
| ङ | महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| **च** | संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | | | |
| छ | समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | | | |
| **७** | **सेवा प्रवाह र संस्थागत संस्कृति** | **७** | | | |
| क | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| ख | गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भए वा नभएको ? | ०–१ | | | |
| ग | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिलारपुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ? | ०–१ | | | |
| घ | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) ? | ०–१ | | | |
| ङ | राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा ( जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, | ०–१ | | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| | दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन र नियन्त्रणका लागि) अभियानरचेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ? | | | | |
| च | महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| छ | गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ? | ०–१ | | | |
| **८** | **सुशासन** | **७** | | | |
| क | स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| ख | सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| ग | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| घ | Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| ङ | सार्वजनिक महत्वका सूचनाहरु साथै माथि “घ” मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| च | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| छ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials) प्रवाह गरिएको छ वा छैन ? | ०–१ | | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| | गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ? | | | | |

- लैंगिक परीक्षण कार्यक्रमका केही झलकहरु



* सहभागिको नामावली

DATE:

आज मिति २०७७।११।०४ । गतेका दिन यस ज्वालामुखी गाउँपालिकाका अध्यक्ष श्री विनोद राज तिमल्सेनाको अध्यक्षतामा ज्वालामुखी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्बन्धि छलफलका लागि तपशिलको उपस्थितिमा बैठक बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

तपशिल

१. श्री विनोद राज तिमल्सेना, अध्यक्ष, ज्वालामुखी गाउँपालिका
२. श्री भानुका सिंखडा, उपाध्यक्ष, " "
३. श्री बद्रिनाथ लम्साल, प्रमुख प्रशासकीय अधिकृत
४. श्री राम प्रसाद सिलवाल, वडा अध्यक्ष - वडा नं १
५. श्री रत्न बहादुर शाही, " " " २
६. श्री रुद्रमान श्रेष्ठ, " " " ३
७. श्री कृष्ण बहादुर गुरुङ, " " " ४
८. श्री कृष्ण प्रसाद काप्री, " " " ५
९. श्री अर्जुन अर्याल, " " " ६
१०. श्री तेजनाथ लोहनी, " " " ७
११. श्री जुना रानामगर, कार्यपालिका महिला सदस्य
१२. श्री सीता नेपाली, " दलित " "
१३. श्री ज्ञानु परियार, कार्यपालिका सदस्य
१४. श्री बुद्धिमान विश्वकर्मा, " "
१५. श्री कमला घिमिरे, महिला तथा बालबालिका शाखा
१६. श्री कृष्ण बहादुर शाही, योजना तथा शासन सल्लाहकार
१७. श्री सम्भु श्रेष्ठ, योजना तथा अनुगमन इन्जिनियर
१८. श्री बिन्दा पोखरेल कार्यपालीका महिला सदस्य ३
१९. श्री तारादेवि रानामगर क. पा. स. ५
२० श्री मायानाथ रिलवाल वडा सदस्य ज्वालामुखी-६
२१ श्री उदय रिमाल - ~~इन्जिनियर~~ —
२२ श्री अनिता ढकुली (यापा) - अधिकृत छैठौं

प्रस्तावहरु

१. लैसस परीक्षणका लागि कार्यदल गठन सम्बन्धमा ।
२. कार्यदलको कार्ययोजना सम्बन्धमा

DATE:

निर्णयहरु :-

निर्णय नं १ :- प्रस्ताव नं १ उपर छलफल गर्दा ज्वालामुखी गाउँपालिकाको लैससास परीक्षणका लागि ज्वालामुखी गाउँपालिकाको लैससास परीक्षण कार्यविधि, २०७८ बमोजिम तपशिल बमोजिमको कार्यदल गठन गरी लैससास परीक्षण कार्य उक्त कार्यदलमार्फत अगाडि बढाउने सर्वसम्मतबाट निर्णय गरियो ।

तपशिल

१. श्री विनोदराज तिमल्सेना, संयोजक
२ श्री जानुका सिंखडा, सदस्य
३. श्री बद्रिनाथ लम्साल, सदस्य
४. श्री जुना रानामगर, महिला सदस्य
५. श्री सीता नेपाली, दलित महिला सदस्य
६. श्री. कृष्ण बहादुर शाही, स्रोत व्यक्ति
७ श्री. सम्भु श्रेष्ठ, स्रोत व्यक्ति
८ श्री. कमला बैसिर, सदस्य सचिव

निर्णय नं २ :- प्रस्ताव नं २ मा छलफल गर्दा उपरोक्त गठित कार्यदलले निम्न क्रियाकलापहरु, तोकिएको समयमा सम्पन्न गर्नुपर्ने भनी निर्णय गरियो ।

- दस्तावेज समिक्षा
- लक्षित समूह छलफल
- प्रमुख व्यक्तिहरुसँग अन्तर्वार्ता
- लैससास परीक्षण कार्यशाला (लैससास सूचकहरुको विश्लेषण)
- सबल र कमजोर पक्ष, चुनौती र अवसर विश्लेषण
- कार्ययोजना तयारी र प्रतिवेदन

DATE:

आज मिति २०७८ फागुन ८ गते ज्वालामुखी गाउँपालिकाका अध्यक्ष श्री विनोद राज तिमल्सेनाको अध्यक्षतामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्बन्धि कार्यशाला गोष्ठी तपशिलको उपस्थितिमा सञ्चालन गरियो ।

उपस्थिति

१. श्री विनोद राज तिमल्सेना, अध्यक्ष
२. श्री जानुका सिंखडा, उपाध्यक्ष
३. श्री बद्रिनाथ न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत
४. श्री राम प्रसाद सिलवाल, वडाअध्यक्ष - वडा नं १
५. श्री रन बहादुर शाही, " " " २
६. श्री रुद्रमान श्रेष्ठ, " " " ३
७. श्री कृष्ण बहादुर गुरुङ, " " " ४
८. श्री कृष्ण प्रसाद कार्की, " " " ५
९. श्री अर्जुन अर्याल, " " " ६
१०. श्री तेजनाथ लोहनी, " " ७
११. श्री जुना रानामगर, कार्यपालिका महिला सदस्य
१२. श्री सीता नेपाली, " दलित महिला सदस्य
१३ श्री उद्धव रिमाल, इन्जिनियर ज्वा.गा.पा.
१४ श्री अनिता हलकुलो (थापा) अधिकृत छैठौं
१५ श्री कमला चौसिर महिला, बालबालिका शाखा
१६ श्री विष्णु श्रेष्ठ कृषि विकास शाखा
१७ श्री ज्ञानेन्द्र जंग शाह प्राविधिक शाखा
१८ श्री कमल काफ्ले (आर्थिक प्र. शाखा)
१९ श्री बाबुराम ढुवाडी (योजना शाखा)
२० श्री रानी कडेल (पञ्जिकरण शाखा)
२१ श्री विद्या पोखरेल गाउँ कार्यपालिका (सदस्य)
२२ श्री बुद्धिमान वि.क. " सदस्य
२३ श्री मायानाथ सिलवाल वडा सदस्य ज्वालामुखी-६
२४ श्री कृष्ण बहादुर शाही, योजना तथा शासन सल्लाहकार
२५

DATE:

आज मिति २०७७ फागुन २१ गते ज्वालामुखी गाउँपालिकाका अध्यक्ष श्री विनोद राज तिमल्सेनाको अध्यक्षतामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त नतिजाहरू कार्ययोजनामा कार्यान्वयनका लागि तपशीलको उपस्थितिमा कार्यक्रम संचालन गरियो।

तपशिल

१. श्री विनोदराज तिमल्सेना, अध्यक्ष
२. श्री मानुका सिंखडा, उपाध्यक्ष
३. श्री बद्रिनाथ लम्साल, प्रमुख प्रशासकिय अधिकृत
४ श्री राम प्रसाद सिलवाल, वडाध्यक्ष - वडा नं १
५. श्री रत्न बहादुर शाही " " २
६ श्री रघुमान श्रेष्ठ " " ३
७ श्री कृष्ण बहादुर गुरुङ " " ४
८ श्री कृष्ण प्रसाद काफ्ले " " ५
९. श्री अर्जुन अर्याल " " ६
१०. श्री तेजनाथ लोहनी " " ७
११ का.पा.स - विद्या पोखरेल ,, ,,
१२. ,, ,, ,, - तारादेवि राना ,, ,,
१३. ,, ,, ,, - सिता नेपाली ,, ,,
१४. ,, ,, ,, बुद्धिमान वि.क ,, ,,
१५ " " " सन्जु श्रेष्ठ, ईन्जिनियर
१६ कृष्ण बहादुर शाही, योजना तथा शासन सल्लाहकार
१७ कमला घिमिरे, लैसास सम्पर्क व्यक्ति

निर्णयहरु :-

गाउँकार्यपालिकामा प्रस्तुत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चातको कार्ययोजना आगामी वर्ष तर्जुमा हुने वार्षिक योजनामा समावेश गर्ने सर्वसम्मतीबाट निर्णय गरियो।

♣ धन्यवाद ♣